**Butwal Campus Journal, Vol. 9, No. 1: 106-116, June 2026**
Research Management Cell, Butwal Multiple Campus, Tribhuvan University, Nepal
DOI: https://doi.org/10.3126/bcj.v9i1.98859

# दिनेश अधिकारीका गीतिरचनामा नादसौन्दर्य

**केशव सुवेदी**
keshavsubedi52@gmail.com

**लेखसार**

दिनेश अधिकारीका गीतिरचनामा नादसौन्दर्यको गुञ्जन पाइन्छ । नादसौन्दर्यभित्र गीतकारले व्यक्त गर्न खोजेको कथ्य, भाव वा रसानुकूल र औचित्यपूर्ण वर्णहरूको समान र असमान आवृत्तिबाट हुने अनुगुञ्जनले गीतिरचनाको गुणवत्ता उत्कर्षमा पुगेको छ । पूर्वीय साहित्यशास्त्रका शब्दालङ्कार र विशेष गरी अनुप्रास अलङ्कारका भेदोपभेदलाई समग्र रूपमा अन्तर्भाव गरी प्रतिपादन गरिएको वक्रोक्ति सिद्धान्तको वर्णविन्यास वक्रता तथा रस र भावानुकूल वर्णयोजनासँग सम्बद्ध रीति, गुण र वृत्ति जस्ता समग्र वर्णयोजनाजन्य सौन्दर्यसँग आबद्ध समग्र सिद्धान्तलाई नादसौन्दर्यभित्र समेटेर यो आलेख तयार पारिएको छ । आधुनिक नेपाली गीति परम्पराको उत्तरवर्ती चरणका सशक्त गीतकार दिनेश अधिकारीका गायनमा आएका  र नआएका गीतहरू नेपाली श्रोता पाठकहरूका बिचमा अत्यन्त लोकप्रिय छन् र उक्त लोकप्रियताका मूल कारक उनका गीतमा अन्तर्निहित वर्णावृत्तिगत र गुणवृत्तिगत एवम् तज्जन्य भावगत सौन्दर्य हुन् । यिनै विशेषताहरूको संयुक्त नाम नै नादसौन्दर्य हो र यस लेखमा नादसौन्दर्यका दृष्टिले गीतकार दिनेश अधिकारका रचना उत्कृष्ट छन् भन्ने निष्कर्ष निरूपण गरिएको छ ।

**शब्दकुञ्जी :** त्रिगुण, त्रिवृत्ति, नादसौन्दर्य, पदसङ्घटना, श्रुतिपेशलता ।

## विषयपरिचय

प्रस्तुत अनुसन्धानात्मक आलेख दिनेश अधिकारीका गीतिरचनामा नादसौन्दर्य विषयसँग सम्बद्ध छ । दिनेश अधिकारी प्रसिद्ध नेपाली कवि, गीतकार तथा निबन्धकार हुन् । विम्ब, प्रतीक, व्यञ्जना, वक्रोक्ति, व्यङ्ग्य, सूक्ष्म हास, विद्रोह, पीडा, बौद्धिकता र भावनाबिचको समन्वय, लयसंवेदना आदि सबैको सम्यक् सन्तुलनसाथ गीत तथा काव्यकृतिको सिर्जना गर्ने अधिकारी एक स्थापित कवि एवम् गीतकार हुन् । उनका *अन्तरका छिटाहरू* (२०३७), *धर्तीको गीत* (२०४४), *आदिम आवाज* (२०४५), *अविराम यात्रा* (२०४८), *इन्द्रजात्रा* (२०५१), *आफ्नै मन : आफ्नै आँगन* (२०५४), *अतिरिक्त अभिलेख* (२०५६), *मन र मोडहरू*  (२०६४), *जङ्गलको कथा : जङ्गलको व्यथा*लगायतका कविता, काव्य र गीतसङ्ग्रह प्रकाशित छन् । मोती पुरस्कार (२०४९), साझा पुरस्कार (२०५१), मदन पुरस्कार (२०५६), सर्वनाम सम्मान (२०५६), मानश्री पुरस्कार (२०५७), छिन्नलता गीत पुरस्कार (२०५९) जस्ता विभिन्न पुरस्कार र सम्मानद्वारा सम्मानित दिनेश अधिकारीका गीत र गीतिकवितामा अनुगुञ्जित नादसौन्दर्यका कोणबाट उनका गीत र गीतिकविताको अध्ययन आवश्यक छ ।

नादसौन्दर्य 'नाद' (ध्वनि) र 'सौन्दर्य' (सुन्दरता) को मेलबाट निर्मित शब्द हो । 'नाद' शब्दको तात्पर्य ध्वनिको सुन्दरता हो । कविता या गीतमा ध्वनि, वर्ण र शब्दको सार्थक विन्यास र आवृत्तिका माध्यमबाट विशेष प्रकारको कलात्मक र सङ्गीतमय ध्वनन वा गुञ्जन सिर्जना हुँदा पाठकका मनमा एक प्रकारको विशेष प्रभाव पैदा गरी कविता वा गीतको भावगहनता उचाइमा पुग्यो भने त्यस्तो सौन्दर्यलाई नादसौन्दर्य भनिन्छ । नादले कवितामा प्रवाह, लय र सङ्गीत पैदा गर्दछ । यो केवल ध्वनि मात्र होइन, यसले त ध्वनिका माध्यमबाट कुनै खास भाव (जस्तो उत्साह, करुणा) या विम्ब (image) लाई साकार तुल्याउँछ । सङ्क्षेपमा नादसौन्दर्य शब्दहरूको लयात्मक झङ्कारबाट पैदा हुने र कविता वा गीत सुन्दा अनुभूत हुने सुन्दरता हो । पूर्वीय साहित्य शास्त्रअन्तर्गतका वृत्ति, रीति, गुण, अनुप्रास अलङ्कार र वक्रोक्तिका वर्ण र पदरचना सौन्दर्यको समग्र र समन्वित रूप नादसौन्दर्यको सैद्धान्तिक पर्याधारभित्र रही गुणात्मक ढाँचामा पाठविश्लेषण विधिको प्रयोग गरिएको यस आलेखमा दिनेश अधिकारीका चारओटा गीतहरूको मात्र विश्लेषण गरिएको छ । यस क्रममा दिनेश अधिकारीका गीतमा के कसरी वर्णावृत्तिगत, नादसौन्दर्य, माधुर्य, ओज र प्रसादसमेत त्रिगुणगत नादसौन्दर्य एवम् भावानुकूल नादसौन्दर्यको सिर्जना हुन पुगेको छ भन्ने जिज्ञासाको समाधानमा केन्द्रित रही उनका गीतमा झङ्कृत नादसौन्दर्यको निरूपण गरिएको छ ।

गीत र कविता दुवैमा लय, अनुप्रास र भाव हुन्छन् तर गीतलाई सङ्गीतसँग जोडेर गाइन्छ अर्थात् गीतमा सङ्गीत अनिवार्य हुन्छ भने कवितालाई लय मिलाई पढिन्छ र सुनिन्छ । गीत र कवितामा मुख्य अन्तर के हो भने गीत सङ्गीतका लागि लेखिन्छ, गाउनका लागि लेखिन्छ भने कविता पढ्नका लागि लेखिन्छ । कवितामा सङ्गीत अनिवार्य हुँदैन । यो केवल पाठ्य लयमा निर्भर रहन्छ । कवितामा अत्यधिक गहन विचार वा आख्यान पनि हुन सक्दछ । गीतको उद्देश्य श्रोतालाई मनोरञ्जन प्रदान गर्दै भावनात्मक रूपमा जोड्नु हो भने कविताको उद्देश्य आत्म-अभिव्यक्ति या सामाजिक टिप्पणी पनि हुन सक्छ । सरल सङ्गीतभन्दा जटिल साहित्यिक उपकरणहरूमा कविता निर्भर रहन्छ । गीत र कविताका बिचको सीमारेखा कोर्दै अधिकारी (२०७५) लेख्छन् "गीत मेरो लागि कविताकै एउटा रूप हो । गाइए यो गीत हो, यसले साङ्गीतिक आनन्द िदन्छ, नगाइँदा यो कविता हो । यो आफैमा पूर्ण हुन्छ" (पृ.५) गीतको उद्देश्य सङ्गीतका साथमा गाउनु हो भने यसको संरचना सुर, शब्द र तालले युक्त स्थायी र अन्तरा हुनु हो । सङ्गीतका धुनका साथ बग्नु, शब्दहरूलाई सङ्गीतका साथमा छोटो या लामो उच्चारण गर्नु, श्रोताले तत्काल सम्झन सक्ने गरी अन्त्यानुप्रास (राइम) मिलाउनु गीतका विशेषता हुन् । गायनका रूपमा प्रस्तुत गरिने गीत (सङ्गीत) हो भने शब्दका रूपमा रचिने गीत रचना वा सिर्जना हो ।

## अध्ययनविधि

प्रस्तुत अनुसन्धानात्मक आलेखमा गीतकार दिनेश अधिकारीका छनोट गरिएका गीतिरचनामा निहित नादसौन्दर्यको विश्लेषणका लागि पूर्वीय साहित्यशास्त्रलाई मुख्य आधार बनाइएको छ । यो अध्ययन गुणात्मक अनुसन्धान ढाँचामा आधारित छ । यसमा प्राथमिक सामग्रीका रूपमा दिनेश अधिकारीको 'म बिसूँ कसोरी' (२०७५) गीतिसङ्ग्रहबाट उद्देश्यमूलक नमुना चयन विधिअनुसार चारओटा प्रतिनिधि

गीतहरू चयन गरी तिनको पाठविश्लेषण गरिएको छ । अध्ययनको सैद्धान्तिक ढाँचा निर्माण गर्दा पूर्वीय काव्यशास्त्रअन्तर्गतका अलङ्कार सम्प्रदायको अनुप्रास (वृत्यनुप्रास, छेकानुप्रास, अन्त्यानुप्रास आदि), वक्रोक्ति सम्प्रदायको वर्णविन्यास वक्रता, रीति सम्प्रदायको पदसङ्घटना (वैदर्भी, गौडी, पाञ्चाली), वृत्ति सम्प्रदायका त्रिवृत्ति (उपनागरिका, परुषा, कोमला) तथा गुण सम्प्रदायका त्रिगुण ( माधुर्य, ओज, प्रसाद) लाई समन्यव गरी नादसौन्दर्यको एकीकृत विश्लेषणात्मक सूचक तय गरिएको छ । यसरी निर्मित नादसौन्दर्यका आधारहरू वर्णावृत्तिगत, मधुर वर्णगत, ओज वर्णगत, प्रसाद वर्णगत तथा भावानुकूल नादसौन्दर्यका दृष्टिले छनोट गरिएका गीतका पङ्क्तिहरूको वस्तुनिष्ठ र व्याख्यात्मक विश्लेषण गरी निष्कर्ष निरूपण गरिएको छ । द्वितीयक स्रोतका रूपमा पूर्वीय काव्यशास्त्रका आधारग्रन्थ तथा गीत सिद्धान्तसँग सम्बन्धित कृतिहरूको उपयोग गरिएको छ ।

## पूर्वीय साहित्यशास्त्र : नादसौन्दर्यको सैद्धान्तिक आधार

पूर्वीय साहित्यशास्त्रमा नादसौन्दर्यको विशद चर्चा पाइन्छ । वर्ण, ध्वनि र शब्द सौन्दर्यबाट सिर्जना हुने सौन्दर्यलाई पूर्वीय साहित्यशास्त्रअन्तर्गतका विभिन्न सम्प्रदायहरूले जुन जुन नाम दिएका छन् ती सबैको समन्वित वा एकीकृत साझा नामका रूपमा नादसौन्दर्यलाई लिन सकिन्छ । पूर्वीय साहित्यशास्त्रमा रीतिवादले पदसङ्घटना, गुणवादले त्रिगुण, अलङ्कारवादले अनुप्रास, वक्रोक्तिवादले वर्णविन्यास वक्रता, वृत्तिवादले उपनागरिका, परुषा र कोमलासमेत त्रिवृत्तिका आआफ्ना मान्यता प्रस्तुत गरेका र ती सबैमा वर्णहरूको भावानुकूल प्रयोग एवम् वर्णहरूको समान वा असमान आवृत्तिजन्य सौन्दर्यको चर्चा गरेका छन् । त्यस्ता चर्चाको मूल आशय वर्णहरूको प्रभावकारी र सौन्दर्ययुक्त प्रयोगको अपेक्षा हो । यही अपेक्षाले नादसौन्दर्यलाई द्योतन गर्दछ । सामान्यतया वृत्ति, रीति, मार्ग, सङ्घटना तथा शैली यी शब्द प्रायः समानार्थक जस्तै प्रतीत हुन्छन् । यसरी एउटै पदार्थलाई भिन्न भिन्न आचार्यहरूले भिन्न भिन्न नामहरूद्वारा व्यवहार गरेका र ती हरेक नामको मिश्रित र समन्वित साझा शब्दका रूपमा नादसौन्दर्य शब्द यस आलेखमा व्यवहृत छ र त्यही नादसौन्दर्यलाई सैद्धान्तिक अवधारणाका रूपमा यहाँ प्रस्तुत गरिएको छ ।

### अनुप्रासनिसृत नादसौन्दर्य

अनुप्रास अर्थात् वर्णहरूको आवृत्तिबाट निसृत नादसौन्दर्य भनेको भाषामा विशिष्ट व्यञ्जन र स्वरहरूको चयनात्मक प्रयोगबाट सृजित ध्वनिगत माधुर्य र सुरिलोपन हो भने यस्तो माधुर्ययुक्त अनुप्रास शब्दालङ्कार नादसौन्दर्यको प्रमुख कारक हो । अनुप्रासले आदि, मध्य र अन्त्यमा श्रुति, वृत्ति र छेकाअनुप्रासगत सौन्दर्य सिर्जना गर्छ । यसअन्तर्गत कुनै एक विशेष वर्ण या ध्वनिलाई दोहोऱ्याउँदा आकर्षण र नादात्मकता सिर्जना हुन्छ भन्ने मान्यता रहेको छ । अनुप्रास नादसौन्दर्यको सबैभन्दा सशक्त पक्ष हो । यो वर्णहरूको पुनरावृत्तिबाट उत्पन्न हुने गर्दछ । यस्तो अनुप्रासका मुख्य भेद हुन् : वृत्त्यनुप्रास (एक वर्णको अनेक आवृत्ति) लाटानुप्रास (शब्द या वाक्यांशको आवृत्ति) छेकानुप्रास (वर्णको दुईपटक आवृत्ति), श्रुत्यनुप्रास (एक वर्गका वर्णहरूको आवृत्ति) र अन्त्यानुप्रास (तुकान्त वा राइम) ।

### वक्रोक्ति र नादसौन्दर्य

वक्रोक्ति सिद्धान्तले स्थापना गरेको वर्णविन्यास वक्रताको मुख्य भूमिका काव्यकृतिमा नादसौन्दर्य सिर्जना गर्नु हो । व्यञ्जन वर्णहरूको व्यवधान र अव्यवधानरहित आवृत्ति, तलनादि द्वित्व, वर्गान्तयोगी स्पर्श, शिष्टवर्ण रेफ, यमकाभास र यमकवक्रता जस्ता वक्रता आचार्य कुन्तकको वक्रोक्तिसिद्धान्तको वर्णविन्यास वक्रताअन्तर्गत पर्दछन् । वर्णविन्यास वक्रताले पनि अनुप्रास अलङ्कारजस्तै वर्णहरू वा अक्षरहरूको आवृत्तिबाट शब्द-संरचनामा चमत्कार सिर्जना गर्दछ । यही ध्वनन चमत्कारलाई 'नादसौन्दर्य' शब्दसँग सन्दर्भित गर्न सकिन्छ । वर्णविन्यास वक्रता र नादसौन्दर्य दुवैको मुख्य काम श्रवण-सुख वा श्रुतिपेशलता सिर्जना गर्नु हो । यसबाट पाठक या श्रोताका कानमा एकप्रकारको झङ्कार पैदा भई आनन्द सिर्जना हुन्छ ।

### रीति र नादसौन्दर्य

रीति सिद्धान्तमा 'पदसङ्घटना रीतिः' भनिएको छ । रीति सिद्धान्तको पदसङ्घटना शब्दले पनि निश्चित शब्द र अर्थ वा भावका लागि निश्चित वर्णको विन्यास हुनुपर्छ भनी सङ्केत गरेकाले रीति र नादसौन्दर्यको सहसम्बन्ध पुष्टि हुन्छ । वामनको रीतिवाद संस्कृत काव्यशास्त्रको एक महत्त्वपूर्ण सिद्धान्त हो । यसअनुसार रीति (शब्दहरू वा पदहरूको विशिष्ट विन्यासको तरिका) लाई नै काव्यको आत्मा वा प्राणतत्त्व मानिन्छ । यस सिद्धान्तमा रीतिलाई गुणहरूका (शब्द र अर्थका शोभाकारक) धर्ममा आधारित मानिन्छ । रीतिका तीन मुख्य भेद छन्- वैदर्भी, गौडी र पाञ्चाली । वामनले 'काव्यालङ्कारसूत्रवृत्ति' मा रीतिको विस्तृत विवेचना गरेका छन् । उनले गुणहरूलाई रीतिका आधार माने र रीतिलाई काव्यसौन्दर्यवर्द्धक बताए । रीतिले काव्यमा आत्मा (अर्थ) र शरीर (शब्द) दुवैलाई सुन्दर बनाउँछ । यसरी गुणहरू, गुणानुकूल वर्ण र तदनुरूपका भाषिक विन्यासले रीतिलाई सजाउने काम गर्दछन् । तिनै वर्णित वर्णहरू र पदहरूको कलात्मक संयोजनद्वारा उत्पन्न साङ्गीतिक र ध्वन्यात्मक प्रभाव नै नादसौन्दर्य हो ।

### वृत्ति र नादसौन्दर्य

पूर्वीय साहित्यशास्त्रमा काव्य वा कविताको विशिष्ट शैली या रचना-पद्धति काव्यवृत्ति हो भने त्यस्तो विशिष्ट शैलीबाट समेत कविता वा गीतमा नादसौन्दर्य सिर्जना हुने गर्दछ । यसमा वर्ण र शब्दहरूको चयन र तिनको विन्यासमा ध्यान दिइन्छ । वृत्तिले काव्य या कृतिमा भाव र नादसौन्दर्य वृद्धि गर्दछ । आचार्य मम्मटले उपनागरिका, परुषा, कोमला जस्ता वृत्तिहरूको उल्लेख गरेका छन् । यसरी वृत्ति शब्द उपनागरिका, परुषा तथा कोमलाका लागि प्रयोग हुन्छ । वृत्ति, रीति, मार्ग, सङ्घटना तथा शैली यी शब्द प्रायः समानार्थक जस्तै प्रतीत हुन्छन् । वृत्ति शब्दको प्रयोग आचार्य उद्भटले गरेका हुन् । यिनले आफ्नो 'काव्यालङ्कारसारसङ्ग्रह' नामक ग्रन्थमा उपनागरिका, परुषा तथा कोमला नामबाट तीन प्रकारका वृत्तिहरूको उल्लेख गरेका छन् । उद्भटले पनि उपनागरिका, परुषा र कोमला वृत्तिलाई उपनागरिका अनुप्रास, परुषा अनुप्रास र कोमला वा ग्राम्या अनुप्रास भनी उल्लेख गरेका छन् (उद्भट, सन् १९२५, पृ. ५) । उनले ती वृत्तिलाई अनुप्राससँग सन्दर्भित गरेका छन् भने आचार्य मम्मटले उपनागरिका, परुषा, कोमला वृत्तिहरूलाई वृत्यनुप्रासका तीन प्रकार

मानेका छन् । उपनागरिका वृत्ति माधुर्यका व्यञ्जक वर्णहरूले युक्त हुन्छ भने ओजप्रकाशक वर्णहरूले युक्त वृत्तिलाई परुषा वृत्ति भनिन्छ । बाँकी वर्णहरूले युक्त वृत्ति कोमलावृत्ति हुन्छन् र कसैले कोमलालाई ग्राम्या वृत्ति पनि भन्दछन् ।

## गुण र नादसौन्दर्य

नादसौन्दर्यमा वर्ण्य विषय वा रसका अनुकूल वर्णको प्रयोग अपेक्षित हुनु र गुणहरू रसको धर्म हुनु तथा त्रिगुणको मान्यताअनुसार कुन कुन गुणमा कुन कुन वर्णको प्रयोग अपेक्षित हुन्छ भनेर प्रस्ट किटान हुनु र वर्णप्रयोगबाट नै नादसौन्दर्यनिसृत हुने र वर्णप्रयोग नै गुणको खास पहिचान भएकाले गुण र नादसौन्दर्यको अन्योन्याश्रित सम्बन्ध देखापर्छ । गुणहरूको सङ्ख्या र गुणको विशेषताका बारेमा विद्वान्हरूका बिच मतभेद भए पनि त्रिगुणलाई धेरैले स्वीकार गरेका हुँदा यहाँ त्रिगुणमध्ये माधुर्य, ओज र प्रसाद गुणको चर्चा गरिन्छ । “चित्तद्रवीभावका कारण शृङ्गाररसमा रहने आनन्दस्वरूपलाई माधुर्य गुण भनिन्छ । यो सामान्यतया संयोग शृङ्गाररसमा रहन्छ भने करुणरस, विप्रलम्भ शृङ्गाररस एवम् शान्तरसमा पनि रहन्छ” (मम्मट, २०४२, पृ. ३८८) । यस गुणमा शिरमा आफ्नो वर्गको पञ्चमवर्णले युक्त, टवर्गलाई छोडेर स्पर्श वर्णले युक्त, हकार, रकार र णवर्णले युक्त एवम् समासरहित वा अल्पसमासयुक्त वर्णहरू रहेका हुन्छन् (मम्मट, २०४२, पृ. ३९३) । यसरी कुनै काव्य पठन वा श्रवणबाट पाठक वा श्रोताका हृदयमा मधुरता सञ्चरण हुँदा माधुर्य गुण हुन्छ ।

## भावानुकूल नादसौन्दर्य

भावसौन्दर्य र नादसौन्दर्यको सुसन्तुलित संयोजनबाट कविता वा गीतको सिर्जना हुन्छ । भावसौन्दर्यको तात्पर्य गीत वा कवितामा निहित भाव हो । त्यस भावलाई सोही रूपमा व्यक्त गर्न गीत वा कविता सक्षम छ कि छैन भन्नेसमेत महत्त्वपूर्ण कुरो हो । विभिन्न परिस्थितिमा प्रेम, करुणा, क्रोध, हर्ष, उत्साह आदिको हृदयस्पर्शी चित्रण नै भावनाको सौन्दर्य हो । साहित्यशास्त्रमा यस्तो सौन्दर्यलाई भाव वा रस भनिन्छ । नादसौन्दर्य वा भावसौन्दर्यमध्ये कुनै एकले मात्र गीत वा कविता बन्दैन । नादले शब्दहरूको ध्वनिको कलात्मक संयोजनलाई जनाउँछ । यस्तो संयोजनका लागि छन्द, लय र अनुप्रास, वर्णवक्रता, रीति, गुण, वृत्ति सबै नादसौन्दर्य मानिन्छन् । तिनलाई पृथक् गर्न सकिँदैन । त्यसैले समग्रमा तिनलाई नाद भनी एउटै नाम दिनु उपयुक्त हुन्छ । नादको सौन्दर्यले कविता वा गीत श्रुतिरम्य बन्दछ । नादसौन्दर्य गीत वा कविताको आत्मा होइन, देह हो र बाह्य सौन्दर्य हो । यसरी हेर्दा नादसौन्दर्य र पूर्वीय साहित्यशास्त्रका वृत्ति, रीति, अनुप्रास, वर्णविन्यास वक्रता, गुणसिद्धान्तका बिच सम्बन्ध देखापर्छ किनभने वर्णहरूको पटक पटक विन्यास वा आवृत्ति, रस वा भावानुकूल वर्णहरूको आवृत्ति, कविको कथ्यलाई घनीभूत तुल्याउने वर्णहरूको आवृत्तिपूर्ण विन्यास तथा रीतिअनुसारको पदयोजना तथा वृत्तिअनुसारको अर्थयोजनाबाट समेत कविता वा गीतिकृतिमा जुनप्रकारको झन्झनाहट, झङ्कार, ध्वनन वा नाद पैदा हुन्छ ती सबै श्रुतिसौन्दर्यसँग सम्बद्ध पक्षलाई नादसौन्दर्य भन्नु समीचीन ठहर्छ ।

**नादसौन्दर्य र कृतिविश्लेषणको ढाँचा**

कविता, काव्य वा गीतभित्र निहित वर्ण वा ध्वनिगत अनुगुञ्जन वा नादको विश्लेषणका निम्ति पूर्वीय साहित्यशास्त्रका वृत्ति, रीति, गुण, अलङ्कार एवम् वर्णवक्रतालाई एकीकृत गरी पर्याधार निर्माण गरिएको नादसौन्दर्यका आधारमा कृतिविश्लेषणका लागि तयार पारिएको विश्लेषणात्मक ढाँचा यसप्रकार छ; वर्णावृत्तिगत नादसौन्दर्य, मधुर वर्णगत नादसौन्दर्य, ओज वर्णगत नादसौन्दर्य, प्रसाद वर्णगत नादसौन्दर्य, नादसौन्दर्य र भावसौन्दर्य । यिनै उपकरणमा आधारित रही दिनेश अधिकारीका गीतमा नादसौन्दर्यको विश्लेषण यस आलेखमा गरिएको छ ।

## विमर्श तथा परिणाम

दिनेश अधिकारीका कविता, गीत वा काव्यभित्र वर्ण वा ध्वनिगत अनुगुञ्जन वा नादसौन्दर्य पाइन्छ । उनका गीति रचनामा एकातिर वक्रोक्ति र अनुप्रास चारुताले युक्त वर्णावृत्तिगत नादसौन्दर्य पाइन्छ भने अर्कातिर गुण, रीति र वृत्ति चमत्कारयुक्त मधुरवर्णगत नादसौन्दर्य पनि प्रचुर पाइन्छ । उनका गीतमा गुण रीति र वृत्तिगत ओजसौन्दर्यका साथै प्रसाद वर्णगत नादसौन्दर्य पनि पाइन्छ । दिनेश अधिकारीका कृतिमा समग्र नादसौन्दर्य र समग्र भावसौन्दर्यको सुसन्तुलित प्रयोग पनि पाइन्छ । गीतमा प्रयुक्त वर्णावृत्ति र वर्णप्रयोगगत सौन्दर्यले उनका गीत निकै भावमय र मर्मस्पर्शी बनेका छन् । उनका गीतमा पाइने नादसौन्दर्यको विश्लेषण तलका उपशीर्षकहरूमा क्रमशः गरिएको छ ।

**दिनेश अधिकारीका गीतमा वर्णावृत्तिगत नादसौन्दर्य**

दिनेश अधिकारीका गीतमा वर्णावृत्तिगत नादसौन्दर्यको विवेचनाका लागि मूल आधारका रूपमा अनुप्रास शब्दालङ्कार र वर्णविन्यास वक्रतालाई बनाइएको छ । वर्णहरूको आवृत्तिबाट सिर्जना हुने सौन्दर्यको वर्णन यी दुई सिद्धान्तले गर्दछन् । वर्णप्रयोग र आवृत्तिगत अनुप्रासका मुख्य भेद हुन् : <u>वृत्त्यनुप्रास</u> (एक वर्णको अनेक आवृत्ति), <u>लाटानुप्रास</u> (शब्द या वाक्यांशको आवृत्ति), <u>छेकानुप्रास</u> (वर्णहरूको दुईपटक आवृत्ति), <u>श्रुत्यनुप्रास</u> (एक वर्गका वर्णहरूको आवृत्ति) र <u>अन्त्यानुप्रास</u> । यसरी नै व्यञ्जन वर्णहरूको व्यवधान र अव्यवधानरहित आवृत्ति, तलनादि द्वित्व, वर्गान्तयोगी स्पर्श, शिष्टवर्ण रेफ, यमकाभास र यमकवक्रता जस्ता वर्णविन्यास वक्रता आचार्य कुन्तकको वक्रोक्ति सिद्धान्तअन्तर्गत पर्छन् । यिनै आधारमा दिनेश अधिकारी (२०७५) को तल उद्धृत गीति अंशमा निहित नादसौन्दर्य यसप्रकार छ :

> धानेको छु आफ्नो जुनी आफैं मरी मरी
> फाटेको छ घाम-पानी मेरो आङभरि
> कमाइ पो भन्नु के छ ? छाक टार्न पुग्छ
> लुगाफाटो हाल्नुपरे पेटै काट्नुपर्छ
>
> (धानेको छु आफ्नो जुनी, पृ. २६)

माथिको गीति अंशको *धानेको छु आफ्नो जुनी आफैं मरीमरी* अंशमा 'न' वर्णको अनेकपटक आवृत्तिले वृत्यनुप्रास, मरी मरीमा समान वर्णहरूको दुईपटक आवृत्तिले छेकानुप्रास, 'मरी र भरि'

तथा 'पुग्छ' र 'पर्छ' मा अन्त्यानुप्रास सौन्दर्य छ । त्यसैगरी यसमा एक वर्णको अनेक पटक आवृत्ति हुने एक वर्णविन्यास वक्रता र मरी मरीमा दुई समान वर्णको आवृत्तिले द्विवर्णविन्यास वक्रता छ । त्यस्तै *धानेको छु आफ्नो जुनी आफैं मरी मरी, फाटेको छ घाम-पानी मेरो आङभरि* अंशमा 'म, न, ङ, र' को प्रयोगले वर्गान्त शिष्ट तथा पूरै गीतांशभरि कोमल वर्णको आवृत्तिका कारण यो गीति अंशबाट झङ्कार, झन्झनाहट र कर्णप्रियता पैदा भई नादसौन्दर्य सिर्जना हुन पुगेको छ ।

यसै गरी अधिकारी (२०७५) कै तल उद्धृत अंशमा वक्रताका तलनादि द्वित्वअन्तर्गत 'त' वर्णको द्वित्वले नादसौन्दर्यवैचित्र्य सिर्जना भएको छ :

तँ दिएर रित्तो, म लिएर रित्तो
ए, बोतल ! तँभन्दा म धेरै छु रित्तो

तँ खोज्छस् कसैलाई परितृप्त पारूँ
म खोज्दै हुने छु स्वयम्लाई मारूँ
कहाँ तँ, कहाँ म, तँ छैनस् मजस्तो
तँ मित्र कसैको, म आफैँ हुँ भित्तो

तँ सक्छस् भरिन कुनै दिन फेरि
मेरो रिक्तता यो सकिँदैन सारी
(तँ दिएर रित्तो, पृ. १८०)

दिनेश अधिकारीका गीतमा यस्तो वर्णावृत्तिगत नादसौन्दर्यमय चमत्कार प्रचुर मात्रामा पाइन्छ ।

**दिनेश अधिकारीका गीतमा मधुर वर्णगत नादसौन्दर्य**

कुनै कविता वा गीतको पठन वा श्रवणबाट पाठक वा श्रोताका हृदयमा मधुरता सञ्चरण हुँदा माधुर्य गुण हुन्छ । यो गुण विशेष रूपले शृङ्गार, शान्त, एवम् करुण रसमा अपेक्षित हुन्छ । माधुर्य गुणयुक्त गीत-कवितामा कर्णप्रिय मृदु वा कोमल वर्णहरू (क, ख, ग, च, छ, ज, झ, त, द, न, ट वर्णबाहेक) को प्रयोग हुन्छ । यसमा कठोर एवम् संयुक्ताक्षर भएका वर्णहरूको प्रयोग हुँदैन । यसमा अनुनासिक वर्णहरूको आधिक्य, अल्पसमास या समासको पनि अभाव हुन्छ :

कहिले गोरा, कहिले काला, कहिले लालाबाला
बोकी हिँड्छु जता पनि नजिक होस् कि टाढा
सबैलाई आफ्नो आफ्नो ठेगानामा लान्छु
आफू भने सधैंभरि बेठेगान भा' छु
आँखाभरि डढ्नुपर्ने दिन कहिले जाला ?
भऱ्याङको छ चाला हजुर ! म हुँ रिक्सावाला
(अधिकारी, २०७५, पृ. २६)

माथिको उद्धृतांशका पहिलो पङ्क्तिमा क, ह, ल वर्णको अनेकपटक आवृत्ति र अनेक वर्णविन्यास वक्रता त छँदै छ, त्यसका साथै पूरै गीति अंशभरि ट वर्णबाहेकका अनेक मधुर वर्णको आवृत्तिले यो गीतांशलाई सारै सुमधुर बनाएका छन् किनभने माधुर्य गुणयुक्त काव्यमा कर्णप्रिय मृदु वर्णहरू क, ख, ग, च, छ, ज, झ, त, द, न आदि (टबाहेक) वर्णहरूले यो गीतांश भरिएको छ । यसमा कठोर एवम् संयुक्ताक्षर भएका वर्णहरूको प्रयोग नगण्य छ । चन्द्रविन्दु लागेका अनुनासिक वर्णहरूको प्रयोग एवम् समस्त शब्दहरूको प्रयोग नभएका वर्णहरू आवृत्ति र मधुरवर्णको सुकुमारताका कारण यो गीतांश नादसौन्दर्यले झङ्कृत भई लयात्मक र साङ्गीतिक बनेको छ र यस्तो नादसौन्दर्यले रिक्सावाला श्रमिकको पीडा, दुख र वेदनाजस्ता कारुणिक पक्षको चित्रणमा यो गीतांश सशक्त बनेको छ ।

**दिनेश अधिकारीका गीतमा ओज वर्णगत नादसौन्दर्य**

नेपाली गीतमा ओज वर्णगत नादसौन्दर्य पनि पाइन्छ । वीरता, क्रोध र रिसजस्ता भावना व्यक्त गर्ने नादसिर्जनाका लागि ओज वर्णको प्रयोग अपेक्षित मानिन्छ । यहाँ गौडी रीति, परुषा वृत्ति र ओज गुणलाई ओज वर्णगत नादसौन्दर्यका रूपमा समेटिएको छ । यसमा कवर्ण र गवर्णका साथमा खवर्ण र घवर्ण, दायाँ-बायाँ वा तल-माथि रेफले युक्त, णवर्णरहित टवर्णको प्रयोग हुन्छ । यसमा दीर्घ समासका साथै जटिल पदसङ्घटना हुन्छ । जुन काव्यकृति पढ्दा वा सुन्दा हृदयमा वा कानमा ओज, उमङ्ग, झन्झनाहट वा नाद र उत्साह सञ्चरण हुन्छ, त्यहाँ ओज गुण हुन्छ । यो गुण मुख्य रूपले वीर, बीभत्स, रौद्र र भयानक रसमा पाइन्छ ।

पहाडमा जाडो बढे, तराईले सेक्नुपर्छ
आँधी आए तराईमा, पहाडले छेक्नुपर्छ
हैन भने देशभक्ति छैन हाम्रो छातीभित्र
माटोलाई चोट लाग्दा मुटुहरू रुनुपर्छ

बाँडीचुँडी खाऊँ भन्छ, फाटे मन सिऊँ भन्छ
विपत्तिको ठेस लागे साझा आँसु रोऊँ भन्छ
पूर्वतिर पैह्रो जाँदा, पश्चिमले जुट्नुपर्छ
दक्षिणका तिर्खाहरू उत्तरले मेट्नुपर्छ
हैन भने....

(अधिकारी, २०७५, पृ. ११)

यस गीतांशमा नेपालको पहाड, तराई र हिमाललाई जोड्ने ओजपूर्ण अभिव्यक्ति पाइन्छ । माथिको उदाहरणमा दिइएको अंश देशभक्तिपूर्ण र वीरतायुक्त ओजले भरिएको छ । यही ओजलाई व्यक्त गर्नका लागि पहाड, जाडो बढे, माटो, ठेस, फाटे, जुट्नु, मुटु, मेट्नु, बाँडीचुँडी जस्ता शब्दमा टवर्गीय वर्णको प्रयोग छ । तिर्खा, पर्छ, सेक्नु, छेक्नु जस्ता रेफ र संयुक्त वर्णले यस गीतांशमा ओजपूर्ण नाद घनीभूत रूपमा गुञ्जित छ । त्यसैले यस गीतांशमा ओजवर्णगत नादसौन्दर्य पाइन्छ ।

**दिनेश अधिकारीका गीतमा प्रसाद वर्णगत नादसौन्दर्य**

भाषालाई अत्यन्त सरल, सुबोध र हृदयस्पर्शी बनाउने गुण प्रसाद गुण हो । यस गुणको मूल विशेषता रचना पढ्नासाथ अर्थ स्पष्ट हुनु वा अर्थबोध हुनु र मन प्रफुल्ल हुनु हो । यस्तो प्रसाद गुणयुक्त कृति पढ्दा पाठकहरूलाई एक प्रकारको शान्ति मिल्दछ । साधारण र प्रवाहमय शैलीको प्रयोग प्रसाद गुणको विशेषता हो । प्रायः सबै रसमा पाइने यो गुण विशेष गरी शान्त रसमा रहन्छ । यसरी मनको प्रसन्नता यसको अर्थ हो भने पढ्नासाथ अर्थबोध हुनु यसको सरलता हो । श्रोता-पाठकको मनलाई प्रफुल्ल तुल्याउनु यसको प्रभाव हो । ट ठ ड ढ वर्णको अभाव तथा कोमल वर्णहरूको प्रयोग र प्रभाव यसको विशेषता हो । यसमा पाञ्चाली रीति र कोमला वृत्तिका विशेषता समाविष्ट हुन्छन् ।

प्रसाद वर्णगत नादसौन्दर्य दिनेश अधिकारीका गीतमा सर्वाधिक पाइन्छ । यस लेखमा दिनेशका गीतमा माधुर्य गुण र ओज वर्णको विश्लेषणका क्रममा जुन जुन उदाहरण दिइएका छन् ती उदाहरणमा जुनजुन ठाउँमा ट ठ ड ढ वर्णको अभाव एवम् कोमल वर्णहरूको प्रयोग र प्रभाव पाइन्छ तत्तत् स्थानमा प्रसाद गुण विद्यमान छ । दिनेशका माधुर्य र ओज गुणमा दिइएका र प्रसाद गुणगत नादसौन्दर्य भएका गीतका उदाहरण यसप्रकार छन् :

आँखाभरि डढ्नुपर्ने दिन कहिले जाला ?
भऱ्याङको छ चाला हजुर ! म हुँ रिक्सावाला
(अधिकारी, २०७५, पृ. २६)

आँधी आए तराईमा, पहाडले छेक्नुपर्छ
हैन भने देशभक्ति छैन हाम्रो छातीभित्र
(अधिकारी, २०७५, पृ. ११)

माथिका उदाहरणमध्ये पहिलो उदाहरण माधुर्य गुणगत नादसौन्दर्यको हो भने दोस्रो उदाहरण ओजवर्णगत नादसौन्दर्यको हो तर यी उदाहरणमा प्रसाद वर्णगत नादसौन्दर्य पनि विद्यमान छ ।

प्रस्तुत गीतांशहरूमा पढ्नासाथ अर्थबोध हुने सरलता एकातिर छ भने अर्कातिर पाठकको मनलाई प्रफुल्ल तुल्याउने प्रभाव पनि सशक्त छ । ट ठ ड ढ वर्णको अभाव (अपवादमा एक ठाउँबाहेक) छ भने कोमल वर्णहरूको प्रयोग र प्रभावले यो गीतांश ओतप्रोत छ । साथै यसमा पाञ्चाली रीति र कोमला वृत्तिका विशेषता पनि समाविष्ट छन् र यी सबै पक्षहरूको सहज संयोजन भएकाले यस गीतांशमा प्रसाद वर्णगत नादसौन्दर्य सिर्जना हुन पुगेको छ ।

**दिनेश अधिकारीका गीतमा नादसौन्दर्य र भावसौन्दर्य**

भावसौन्दर्य र नादसौन्दर्यको सुसन्तुलित संयोजनबाट कविता वा गीतको सिर्जना हुन्छ । भावसौन्दर्यको तात्पर्य गीत वा कवितामा निहित भाव हो । त्यो भावलाई सोही रूपमा व्यक्त गर्न

कविता वा गीत सक्षम छ कि छैन भन्नेसमेत महत्त्वपूर्ण कुरो हो । विभिन्न परिस्थितिमा प्रेम, करुणा, क्रोध, हर्ष, उत्साह आदिको हृदयस्पर्शी चित्रण नै भावनाको सौन्दर्य हो । अनुप्रास, गुण, रीति, वृत्ति र वर्णविन्यास वक्रता सबैले रसलाई नै उपकार गर्ने प्रस्ट दृष्टिकोण प्रस्तुत भएको पाइन्छ भने माथि मधुर वर्णगत नादसौन्दर्यमा करुण रस र त्यसका सञ्चारी भावहरू सञ्चरण भएका छन् । यसै गरी ओज वर्णगत नादसौन्दर्यमा वीर रस र त्यसका सञ्चारी भावहरू सञ्चरण भएका छन् । त्यस्तै प्रसाद गुणगत नादसौन्दर्यमा पनि करुण र वीर दुवै रस र तिनका सञ्चारी भाव सञ्चरण भएका छन् । त्यसैले दिनेश अधिकारीका गीतमा एकातिर वर्णप्रयोगगत नादसौन्दर्य छ भने अर्कातिर ती वर्णगत नादसौन्दर्य चाहिँ औचित्यअनुकूल विभिन्न रस र तिनका भावहरूसँग घुलमिल भएर अनुगुञ्जित हुन पुगेको देखिन्छ ।

## निष्कर्ष

पूर्वीय साहित्यशास्त्रमा वर्ण, ध्वनि र शब्दको कलात्मक एवम् साङ्गीतिक समायोजनलाई विभिन्न सम्प्रदायले भिन्न-भिन्न दृष्टिकोणबाट हेरे तापनि ती सबै मान्यताको समन्वित र एकीकृत रूप नै नादसौन्दर्य हो । प्रस्तुत अनुसन्धानात्मक आलेखमा आधुनिक नेपाली गीतिकाव्यका विशिष्ट साधक दिनेश अधिकारीका गीतिरचनालाई तिनै पूर्वीय साहित्य शास्त्रीय मान्यता (अनुप्रास, वर्णविन्यास वक्रता, रीति, वृत्ति र गुण) को एकीकृत ढाँचामा राखी विश्लेषण गर्दा उनका गीतमा नादसौन्दर्य र भावसौन्दर्यको अनुपम सम्मिलन रहेको निष्कर्ष प्राप्त भएको छ । अधिकारीका गीतिरचनामा वर्णहरूको समान र असमान आवृत्तिले एकातिर वृत्यनुप्रास, छेकानुप्रास र अन्त्यानुप्रासको साङ्गीतिक लय सिर्जना भएको छ भने अर्कातिर वर्णविन्यास वक्रताका माध्यमबाट विशिष्ट ध्वनन चमत्कार पैदा भएको छ । उनका गीतमा भाव र रसको औचित्यअनुसार वर्णयोजना गरिएको पाइन्छ । शृङ्गार, शान्त र करुण रसका प्रसङ्गमा टवर्गवर्जित सुकुमार एवम् अनुनासिकरहित वर्णहरूको प्रयोगले माधुर्य गुण, वैदर्भी रीति र उपनागरिका वृत्तिका माध्यमबाट अत्यन्त श्रुतिमधुर नाद सिर्जना भएको छ । यस्तै देशभक्ति, उत्साह र स्वाभिमानका प्रसङ्गमा टवर्गीय वर्ण, रेफ र संयुक्त व्यञ्जनहरूको आधिक्यले ओज गुण, गौडी रीति र परुषा वृत्तिका माध्यमबाट घनीभूत झङ्कार उत्पन्न गराएको छ । सहज बोधगम्यता र सरलताका दृष्टिले पाञ्चाली रीति र कोमला वृत्तिमा आधारित प्रसाद गुणको उपस्थिति उनका प्रायः सबै गीतमा सशक्त देखिन्छ ।

निष्कर्षतः दिनेश अधिकारीका गीतमा नादसौन्दर्य केवल बाह्य शब्दक्रीडा, अलङ्कार प्रदर्शन वा ध्वन्यात्मक प्रयोगमा मात्र सीमित नरही कथ्य, विचार र आन्तरिक भावचेतनासँग पूर्णतः एकाकार भएको छ । बाह्य वर्णावृत्तिगत नादसौन्दर्य र आन्तरिक भावसौन्दर्यको यस्तो सुसन्तुलित, सचेत र औचित्यपूर्ण संयोजनकै कारण उनका गीतिरचनाहरू पठनयोग्य मात्र नभई श्रवणयोग्य, मर्मस्पर्शी र कालजयी बनेका छन् । यही साङ्गीतिक झङ्कार, त्रिगुणगत वर्णावृत्ति र भावगत विशिष्टता नै गीतकार अधिकारीको गीतिचेतनाको मुख्य पहिचान एवम् सफलताको मूल आधार हो ।

## सन्दर्भग्रन्थ सूची

अधिकारी, दिनेश (२०७५), *म बिर्सूं कसोरी,* साङ्ग्रिला पुस्तक प्रा.लि. ।

उद्भट (सन् १९२५), *काव्यालङ्कारसारसङ्ग्रह,* बम्बे एजुकेसनल सर्भिस सेन्टर, https://archive.org/details /in.ernet.dli.2015.368507/mode/2up ।

कुन्तक (सन् २०२०), *वक्रोक्तिजीवितम्,* (व्याख्या : सिद्धान्तशिरोमणि विश्वेश्वर), सम्पा. नगेन्द्र, आत्माराम एन्ड सन्स ।

गौतम, टीकाराम (सन् २०११), *पूर्वीय साहित्यमा गुण विवेचना,* https://sahityaghar.blogspot.com ।

जगन्नाथ (सन् २०२०), *रसगङ्गाधर,* (व्याख्या : बदरीनाथ झा र मदनमोहन झा), द्वितीय संस्क., चौखम्बा विद्याभवन ।

त्रिपाठी, अश्विता (सन् २०२३), *संस्कृत साहित्य में वृत्तियों का विवेचना,* https://www.apnimaati.com ।

बराल, कृष्णहरि (२०७९), *गीत सिद्धान्त र इतिहास,* (दो. संस्क.), विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, नन्दन (सन् २०११), *रीतिविवेचना,* https://sahityaghar.blogspot.com ।

भरतमुनि (सन् १९८३), *नाट्यशास्त्रम्,* सम्पा., साहित्यभूषण, केदारनाथ, भारतीय विद्या प्रकाशन ।

भामह (सन् २०१९), *काव्यालङ्कार,* विहार राष्ट्रभाषा परिषद् ।

मम्मट (२०४२), *काव्यप्रकाश,* ज्ञानमण्डल लिमिटेड ।

वामन (सन् २०११), *काव्यालङ्कारसूत्रवृत्ति,* (व्याख्या : सिद्धान्तशिरोमणि विश्वेश्वर), सम्पा. नगेन्द्र, आत्माराम एन्ड सन्स ।

विश्वनाथ (सन् १९८२), *साहित्यदर्पण,* (व्याख्या : सत्यव्रत सिंह), षष्ठ संस्क., चौखम्बा विद्याभवन ।